☎ ०८३-५२०२७१ ५२०१४८
फ्याक्स नं. ०८३-५२०२७१

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
मध्यपश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्या : ०७४/०७५
च.नं. : २६६

मिति : २०७४/०८/०७

**विषय : जानकारी सम्बन्धमा ।**

श्री जिल्ला वन कार्यालय, १५ वटै

उपरोक्त सम्बन्धमा वन विभाग, बबरमहल, काठमाण्डौको च.नं. १६१ मिती २०७४।०६।२० को प्राप्त बोधार्थ पत्रानुसार वन पैदावार (काठ दाउरा) संकलन तथा बिक्री वितरण सम्बन्धमा वन ऐन २०४९ तथा वन नियमावली २०५१ र वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका २०७३ मा भएको व्यवस्था बमोजिम तोकिएको समय भित्रै सम्पन्न गरी वन पैदावारको प्रभावकारी सदुपयोगको व्यवस्था मिलाई सोबाट प्राप्त हुने राजश्वलाई अभिवृद्धि गर्नको लागि तपसिल अनुसार गर्नु गराउनु पर्ने आवश्यक देखिएकोले सोहि अनुसार कार्यानवयन गर्ने व्यवस्था मिलाउनु हुन निर्देशन गरिएको बिधितै होला । सो सन्दर्भमा तपसिल अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

तपसिल

१. आ.ब. २०७३।०७४ मा टि.सि.एन./जि.व.पै.आ.स./जि.ब.का.बाट कटान गरिएका प्लटहरूबाट प्राप्त काठ दाउराको घाटगद्दी रजिष्टर म.प.क्षे.व.नि., सुर्खेतबाट प्रमाणीत गराई जि.ब.का.मा राख्ने भनिएकोमा सोहि अनुसार गर्ने ।

२. जिल्लामा बिभिन्न श्रोतहरूबाट आम्दानी भएका काठ दाउराको (जस्तै मुद्दामा वा बेवारिसे अवस्थामा बरामद, बिभिन्न आयोजना कार्यान्वयन गर्दा प्राप्त, गत आ.ब.हरूको बाँकी समेत) मौजदात विवरणको अभिलेख म.प.क्षे.व.नि., सुर्खेतबाट प्रमाणीत गराई जिल्ला वन कार्यालयमा राख्ने व्यवस्था मिलाउने । सो विवरणको एक प्रति अनिवार्य रूपमा वन विभागमा पठाउने ।

३. आ.व. २०७३।०७४ मा लिलाम बिक्री भएका काठ दाउराहरूको बोलपत्रको स्विकृत मिती र निकाय, काठ दाउराको परिमाण, लट नं., सकार रमक, रकम दाखिला गरेको मिती, छोडपुर्जी दिएको मिती र परिमाण, रकम दाखिला गर्न बाँकी रहेका लट, रकम दाखिला भई छोडपुर्जी हुन बाँकी रहेको काठ दाउराको बिस्तृत विवरण सात (७) दिनभित्र वन विभागमा पठाउने र सो को प्रतिलिपी म.प.क्षे.व.नि., सुर्खेतमा पठाउने ।

४. चालु आ.ब.मा लिलाम बिक्री भएका वा हुने बोलपत्रको स्विकृत मिती, काठ दाउराको परिमाण, लट नं., सकार रकम, रकम दाखिला गरेको मिती, छोडपुर्जी दिएको मिती र परिमाण, रकम दाखिला गर्न बाँकी रहेका लट, रकम दाखिला भई छोडपुर्जी हुन बाँकी रहेको काठदाउराको विस्तृत विवरण चौमासिक रूपमा म.प.क्षे.व.नि., सुर्खेत र वन विभागमा पठाउने व्यवस्था मिलाउने ।

५. लिलाम त्रिी सम्बन्धि बोलपत्र स्विकृत भई तोकिएको अवधी भित्र रकम दाखिला नगरेकाहरूको हकमा वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका २०७३ मा व्यवस्था भए बमोजिम गर्ने ।

(बिद्यानाथ झा)
क्षेत्रीय निर्देशक

बोधार्थ
वन विभाग, बबरमहल, काठमाण्डौ

Email : mwrfd01@gmail.com

Scanned by CamScanner